# राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी पुनर्वितरण तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।.....**

प्रस्तावनाः मुलूक संघीय संरचनामा गई स्रोत, साधन र अधिकारको प्रयोग र प्रचलन नेपालको संविधानले व्यवस्था गरे बमोजिम तीन तहका सरकारबाट भईरहेको सन्दर्भमा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी एकल अधिकारको रुपमा स्थानीय तह मातहत रहेको छ । स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्रको आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकारको प्रचलन पारदर्शी, प्रभावकारी,समता,समानता कायम हुने गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । राप्ती गाउँपालिकामा संघीय सरकारबाट सामुदायिक विद्यालय सञ्चालनको लागि प्राप्त हुने सशर्त र निःसर्त स्रोत,जनशक्तिको परिचालन मार्फत सेवा प्रवाह र समानुपातिक विकास व्यवस्थापन गर्ने दायित्वसमेत रहेको सन्दर्भमा राप्ती गाउँपालिका क्षेत्रका सबै सामुदायिक विद्यालयमा समानुपातिक रुपमा शिक्षक दरबन्दी तथा अनुदानको व्यवस्थापन गर्न, सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षक विद्यार्थी अनुपातको आधारमा जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने मान्यतामा आधारित रहि शिक्षक व्यवस्थापन गर्न, गाउँपालिकाभित्रका स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको सेवाको सुरक्षा र सन्तुलनलाई व्यवस्था गर्न वाञ्छनीय भएकाले राप्ती गाउँपालिकाको गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा (११) ज. ११ ले दिएको अधिकार बमोजिम शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(क) यस कार्यविधिको नाम राप्ती गाउँपालिकाभित्र सामुदायिक विद्यालयहरुमा दरबन्दी तथा अनुदान पुनर्वितरण तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८१'' रहेको छ ।

(ख) यो कार्यविधि राप्ती गाउँपालिका भर लागू हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ''गाउँपालिका '' भन्नाले राप्ती गाउँपालिका बुझ्नु पर्नेछ ।

(ख) ''अध्यक्ष'' भन्नाले राप्ती गाउँपालिकाको अध्यक्षलाई बुझ्नु पर्नेछ ।

(ग) ''उपाध्यक्ष'' भन्नाले राप्ती गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नु पर्नेछ ।

(घ) ''कार्यपालिका'' भन्नाले राप्ती गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) ‘‘दरबन्दी पुनर्वितरण’’ भन्नाले माध्यमिक तथा आधारभूत तहको स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदानको रुपमा राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा रहि हाल पालिकाको पुल कायम भएका स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदानलाई सामुदायिक विद्यालयको कक्षा तथा विद्यार्थी सङ्ख्यालाई आधारमानी औचित्यपूर्ण, समानुपातिक, समन्यायिक रुपमा पुनर्वितरण कार्यलाई जनाउँछ ।

(छ) ‘‘दरबन्दी मिलान’’ भन्नाले भन्नाले माध्यमिक तथा आधारभूत तहको स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदानको रुपमा राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत रहि हाल पालिकाको पुल कायम भएका स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई तोकिए बमोजिमका सामुदायिक विद्यालयमा सञ्चालनमा रहेका कक्षा, विद्यार्थी सङ्ख्या, नियुक्ति मिति, कार्यरत अवधी, विषय, शैक्षिक योग्यता आदिलाई आधारमानी औचित्यपूर्ण, वस्तुनिष्ठ, सान्दर्भिक रुपमा शिक्षक,रिक्त रहेका दरबन्दी तथा अनुदानलाई मिलान गर्ने कार्यलाई जनाउँदछ ।

(छ) ‘‘कार्यविधि’’ भन्नाले राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी पुनर्वितरण तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८१ बुझ्नु पर्छ ।

(ज) ‘‘तह’’ भन्नाले माध्यमिक विद्यालयको हकमा कक्षा १-१२ सम्म, कक्षा १-१० सम्म तथा आधारभूत विद्यालयहरुको हकमा आधारभूत तह कक्षा १-८ सम्म , कक्षा १-५ सम्मको विद्यालयको तहलाई बुझ्नु पर्नेछ ।

(झ) ‘‘सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) ‘‘गाउँ शिक्षा समिति’’ भन्नाले गाउँपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने गरी पालिकास्तरमा गठन भएको समितिलाई बुझ्नु पर्नेछ ।

(ट) "शिक्षक’’ भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ठ) ‘‘विद्यालय समायोजन" भन्नाले राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ बमोजिम विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने कार्यलाई बुझ्नुपर्छ ।

(ड) ‘‘विद्यालय व्यवस्थापन समिति" भन्नाले यस प्रयोजनको लागि राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ढ) ‘‘दुर्गम क्षेत्रका विद्यालय’’ राप्ती गाउँपालिका वडा नं १ को पहाडि क्षेत्रका विद्यालय, वडा नं २ का पहाडि क्षेत्रका विद्यालय, वडा नं ५ को पहाडि क्षेत्रका विद्यालय तथा वडा नं ९ अन्तरगत रहेका सबै विद्यालयलाई दुर्गम क्षेत्रका विद्यालयको रुपमा बुझिनेछ ।

(ण) ‘‘ सुगम क्षेत्रका विद्यालय’’ भन्नाले राप्ती गाउँपालिकाको दुर्गम क्षेत्रका विद्यालय भनि उल्लेख गरेका विद्यालय बाहेकका विद्यालयहरुलाई बुझ्नुपर्नेछ ।

(त) ‘‘तोकिएको" वा "तोकिए बमोजिम’’ भन्नाले यस कार्यविधि अन्तर्गत बनेका निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## विवरण अध्यावधिक  र प्रकाशन

३. विवरण अध्यावधिक गर्ने : (१) गाउँपालिकाबाट सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८० मा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या, शैक्षिक सत्र २०८१ सम्म सञ्चालित सामुदायिक विद्यालयका कक्षा, सञ्चालित तह, सामुदायिक विद्यालयमा कार्यरत स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदान पदमा कार्यरत शिक्षक तथा रिक्त विवरण अध्यावधिक गरी पालिकाबाट नियमानुसार सार्वजनिक गर्नुपर्नेछ।

४. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने : (१) सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८० मा भर्ना भएका विद्यार्थी संख्या र स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदानमा कार्यरत विद्यालयमा कार्यरत शिक्षक सङ्ख्याको आधारमा विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने।  शिक्षक विद्यार्थी अनुपात निकाल्दा ५० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नु पर्नेछ।

## परिच्छेद-३

## शिक्षक दरबन्दी तथा अनुदान पुनर्वितरणका लागि लिइने आधारहरु

५. आधारभूत तह माध्यमिक विद्यालयहरुको हकमा निम्नानुसार आधार लिई शिक्षक दरबन्दी पुनर्वितरण गरिनेछ।

५.१ आधारभूत तह कक्षा १-५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरुको हकमा निम्नानुसार दरबन्दी तथा अनुदानको पुनर्वितरण गर्दा निम्नानुसारका विषयवस्तुलाई आधारको रुपमा लिइनेछ।

५.१.१ शैक्षिक सत्र २०८१ मा विद्यालयमा सञ्चालित कक्षा

५.१.२ शैक्षिक सत्र २०८० मा विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या

५.१.३ विद्यालयमा रहेको दरबन्दी तथा अनुदान सङ्ख्या र प्रकार

५.२ आधारभूत तह कक्षा १-८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरुको हकमा निम्नानुसार दरबन्दी तथा अनुदानको पुनर्वितरण गर्दा निम्नानुसारका विषयवस्तुलाई आधारको रुपमा लिइनेछ।

५.२.१ शैक्षिक सत्र २०८१ मा विद्यालयमा सञ्चालित कक्षा

५.२.२ शैक्षिक सत्र २०८० मा विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या

५.२.३ विद्यालयमा रहेको दरबन्दी तथा अनुदान सङ्ख्या र प्रकार

५.२.४ विद्यालयमा पठनपाठन हुने विषय

५.३ माध्यमिक तह कक्षा १-१० र कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरुको हकमा निम्नानुसार दरबन्दी तथा अनुदानको पुनर्वितरण गर्दा निम्नानुसारका विषयवस्तुलाई आधारको रुपमा लिइनेछ।

५.३.१ शैक्षिक सत्र २०८१ मा विद्यालयमा सञ्चालित कक्षा

५.३.२ शैक्षिक सत्र २०८० मा विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या

५.३.३ विद्यालयमा रहेको दरबन्दी तथा अनुदान सङ्ख्या र प्रकार

५.३.४ विद्यालयमा पठनपाठन हुने विषय

परिच्छेद-४

विद्यालयगत रूपमा शिक्षक दरबन्दी पुनर्वितरण सम्बन्धी व्यवस्था

६. गाउँपालिकाभित्र  आधारभूत तह (कक्षा १-५ साविक प्राथमिक  र कक्षा १-८ साविक निम्न माध्यमिक) र माध्यमिक (कक्षा ९-१०, कक्षा ११-१२) मा रहेका स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदान  यो कार्यविधि स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुने दरबन्दी पुनर्वितरण तथा मिलान नभएसम्मका लागि गाउँपालिकाको पुल दरबन्दी तथा अनुदानको रुपमा कायम गरिनेछ।  पुल दरबन्दीमा रहेका स्वीकृत दरबन्दी, राहत अनुदान,शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदानलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा निम्नानुसार पुनर्वितरण गरिनेछ। पुनर्वितरण सम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिनेछ।  प्रत्येक शैक्षिक सत्रको सुरुपमा कम विद्यार्थी भएका विद्यालयबाट बढी विद्यार्थी भएका विद्यार्थीहरुमा दरबन्दी तथा अनुदानको पुनर्वितरण गरिनेछ। शैक्षिक २०८१ मा दरबन्दी तथा अनुदान पुनर्वितरण सम्बन्धी कार्य निम्नानुसार मापदण्डमा आधारित रहि  गरिनेछ।

६.१ कक्षा १-३ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयमा पन्ध्र जना भन्दा कम विद्यार्थी सङ्ख्या रहेमा कम्तिमा एक वटा दरबन्दी कायम गर्ने।

६.२ कक्षा १-३ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयमा  पन्ध्र जना भन्दा बढी साठी जनासम्म विद्यार्थी भएमा कम्तिमा एक वटा दरबन्दीसहित दुई शिक्षक दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान कायम गर्ने।

६.३  कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयमा एकसठ्ठी जना  वा सो भन्दा बढी विद्यार्थी भएमा तीन कम्तिमा दुई वटा दरबन्दीसहित तीन शिक्षक सङ्ख्या कायम गर्ने। तर त्यस्तो विद्यालयमा एक सय पचास जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने। सो भन्दा माथि दरवन्दी वा अनुदानको शिक्षक व्यवस्थापन गर्दा शिक्षक विद्यार्थी अनुपातलाई आधार मानि पुनर्वितरण गर्ने।

६.४ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम  दुई वटा स्वीकृत दरबन्दी सहित चार वटा (दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान) कायम गर्ने।

६.५ कक्षा १-५ सञ्चालन भएको सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या एक सय पचास जनासम्म भएकाको हकमा कम्तिमा दुई वटा स्वीकृत दरबन्दी सहित पाँच वटा शिक्षक  (दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान) कायम गर्ने।

६.६ न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा गाउँ शिक्षा कार्यविधि अनुसार तोकिएको विद्यार्थी सङ्ख्याको न्यूनतम चालिस प्रतिशत विद्यार्थी भएको हुनुपर्नेछ। त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउनुपर्नेछ।

६.७ कक्षा १-५ सञ्चालन भएका विद्यालयहरुको तहमा भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति अनुसार शिक्षण गराउन न्यूनतम शिक्षक सङ्ख्या उपलब्ध गराउने।

६.८ कक्षा १-८ सञ्चालन भएका सामुदायिक विद्यालयमा निम्नानुसार दरबन्दी (स्वीकृत दरबन्दी वा राहत अनुदान ) कायम गर्ने।

६.८.१ आधारभूत तह १ कक्षा देखि ८ कक्षासम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा आधारभूत तह कक्षा ६-८ साविकको निम्न माध्यमिक/आधारभूत तहको न्यूनतम स्वीकृत दरबन्दी एकसहित चार जना शिक्षक सङ्ख्या (दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान) कायम गर्ने ।

६.८.२ कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौजना शिक्षक सङ्ख्या कायम गर्ने ।

६.८.३ अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

६.८.४ विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

६.८.५ नेपाली मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

६.८.६ सामाजिक विषय अध्यापन गर्नको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

६.८.७ प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम गरेको पाँच (दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान) जना

६.८.८ आधारभूत तह कक्षा १-८ को हकमा शिक्षक विद्यार्थी अनुपात सङ्ख्यालाई आधार मानि थप सेक्सन व्यवस्थापनका लागि शिक्षक व्यवस्थापन गरिनेछ ।

६.९ कक्षा १ देखि १० कक्षासम्म सञ्चालन भएको सामुदायिक विद्यालयमा न्यूनतम १२ जना शिक्षक सङ्ख्या कायम गर्ने ।

६.९ .१ कक्षा १ देखि १० सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा १२ जना शिक्षक दरबन्दी कायम गर्ने ।

६.९ .२ अंग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .३ विज्ञान वा गणित मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .४ नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .५ सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .६ अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .७ विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको दुई जना

६.९ .८ अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

६.९ .९ आधारभूत तह कक्षा १-५ का प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी दश महिने शिक्षक तालिम पुरा गरेका चार (दरबन्दी वा राहत अनुदान वा गाउँपालिका अनुदान) जना

६.९.१० शिक्षक विद्यार्थी अनुपात सङ्ख्यालाई आधार मानि कक्षा १-१० सञ्चालन भएको सामुदायिक विद्यालयको हकमा थप सेक्सन व्यवस्थापनका थप शिक्षक व्यवस्थापन गरिनेछ ।

६.१०. कक्षा १-१२ सञ्चालन भएका भई कम्तिमा दुई शैक्षिक सत्र पुरा गरेका सामुदायिक विद्यालयहरुमा कम्तिमा एक जना स्नाकोत्तर तह उत्तिर्ण योग्यता भएका भएका शिक्षक व्यवस्थापन गर्ने ।

६.११ न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा गाउँ शिक्षा कार्यविधि अनुसार तोकिएको विद्यार्थी सङ्ख्याको न्यूनतम चालिस प्रतिशत विद्यार्थी भएको हुनुपर्नेछ । त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउनुपर्नेछ ।

६.१२ कक्षा १-१२ सञ्चालनमा रहेका विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने वा कुनै विषयको पठनपाठन नै हुन नसकी बाधा उत्पन्न हुने अवस्था आएमा गाउँपालिकाले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

६.१३ यसरी दरबन्दी पुनर्वितरण गर्दा बढी हुन आउने गाउँपालिका अनुदान शिक्षक गाउँपालिकाको खुद पुलमा राखी क्रमस घटाईनेछ ।

६.१४ गाउँपालिकाबाट दरबन्दी पुनर्वितरण सम्बन्धी निर्णय भई राजपत्रमा सूचना प्रकाशन भएको मितिले सात दिनको सूचना आह्वान सार्वजनिक रुपमा गरी तोकिएको अवधी पुगेका सबै तथा अन्य इच्छुक शिक्षकहरुबाट निवेदन माग गरी शिक्षकको दरबन्दी, पद तथा अनुदान मिलान सम्बन्धी कार्य गर्ने ।

६.१५ निवेदन पेश भएको मितिले ५ दिनभित्रमा शिक्षकको दरबन्दी, पद तथा अनुदान मिलान सम्बन्धी कार्य सम्पन्नको निर्णय गरी राजपत्रमा सूचना प्रकाशन गर्ने ।

६.१६ निवेदन पेश नगर्ने शिक्षकहरुको हकमा निवेदन पेश गरेका शिक्षकहरुलाई पहिलो प्राथमिकतामा राखी पदस्थापना गर्ने र निवेदन पेश नगर्ने शिक्षकहरुलाई पालिकाले विद्यालय तोकि खटाउने छ । त्यसरी खटाएका शिक्षकहरु सम्बन्धित विद्यालयमा सात दिनभित्र हाजिर भई हाजिर भएको जानकारी समेत गाउँपालिकामा गराउनुपर्नेछ ।

६.१७ शिक्षकको दरबन्दी मिलान भएपछि शिक्षक दरबन्दी मिलान भई पद कायम भएको विद्यालयमा हाजिर हुन जानु शिक्षकको कर्तव्य र जिम्मेवारी हुनेछ । पद कायम भएको विद्यालयमा लगातार पन्ध्र दिनसम्म हाजिर हुन नजाने शिक्षकलाई हाल कार्यरत विद्यालयमा हाजिर गराउने र रमाना उपलब्ध गराई नपठाउने प्रधानाध्यापकलाई स्पष्टिकरण सोधी चित्त बुझ्दो जवाफ नआएमा शिक्षा नियमावली २०५९ र राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन सम्बन्धी कार्यविधी २०७९ बमोजिम कार्यबाही गरिनेछ । दरबन्दी पुनर्वितरण र मिलान भई कायम भएको विद्यालयमा शिक्षक पठाउने र पठाएको विद्यालयमा हाजिर गराउने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुनेछ । त्यसरी मिलान भएका शिक्षकहरुको तलबभत्ता लगायतको सुविधा मिलान भई जाने विद्यालयमा निकाशा गरिनेछ । विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाको निर्णय तोकिएको अवधीभित्र कार्यान्वयन नगराएको खण्डमा प्रचलित कानून अनुसार विद्यालयमा निकाशा हुने तलबभत्ता लगायतका अन्य सबै प्रकारका अनुदान रोक्का गरी आवश्यक कार्यबाही प्रक्रिया अगाडि बढाउनेछ ।

६.१८ दरबन्दी पुनर्वितरण भई दरबन्दी मिलानमा परेका स्थायी, राहत अनुदान, शिक्षण सिकाइ अनुदानका शिक्षकहरुको विवरण अभिलेखीकरणका लागि शिक्षा विकास तथा समन्वय इकाइमा पठाइनेछ ।

## परिच्छेद-५

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

७. स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदान पुनर्वितरण भई नयाँ कायम भएका पदमा शिक्षकहरुबाट निवेदन आह्वान गरिनेछ । निवेदन आह्वान गर्दा अनिवार्य अवकाशका लागि एक वर्ष वा सो भन्दा कम अवधी भएका स्थायी तथा राहत शिक्षकहरुको हकमा यो व्यवस्था लागु नहुने ।

८. लामो समयसम्म एउटै विद्यालयमा रहि कार्य गर्दा कार्य प्रभावकारितामा ह्रास आई अपेक्षित उपलब्धी हाँसिल गर्न समस्या भएको, कुनै पनि शिक्षक एउटै विद्यालयमा लामो अवधीसम्म कार्यरत रहँदा सोही तहमा कार्यरत दुर्गम र अपायक क्षेत्रका विद्यालयमा कार्यरत रहेका शिक्षकहरुलाई सुविधा सन्तुलनको अवसर सिर्जना हुने तथा नयाँ विद्यालयमा दरबन्दी मिलान भई जाने शिक्षकहरुमा शिक्षामा गुणस्तर सुधार गर्ने अवसरसमेत सिर्जना हुने भएकोले गाउँपालिकाको सुगम क्षेत्रमा एउटै विद्यालयमा निरन्तर एउटै तहमा कम्तिमा पाँच शैक्षिक वर्ष र सो भन्दा बढी कार्यावधी पुरा गरेका स्वीकृत दरबन्दी, राहत शिक्षक र गाउँपालिकाको दुर्गम क्षेत्रका विद्यालयहरुमा कम्तिमा तीन शैक्षिक वर्ष पुरा अवधी कार्य गरेका स्वीकृत दरबन्दी, राहत शिक्षकलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान गर्न तथा इच्छुक स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदानमा कार्यरत शिक्षकबाट निवेदन आह्वान गर्ने ।

९. प्राप्त निवेदनहरुमध्ये पहिलो प्राथमिकतामा अपाङ्गता भएका स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत शिक्षकलाई छनोटको अवसर प्रदान गर्ने ।

१०. दोस्रो प्राथमिकतामा स्वीकृत दरबन्दीको स्थायी शिक्षक मध्ये माथिल्लो श्रेणीको सम्बन्धित तहको नियुक्तिका आधारले जेष्ठता भएका महिला शिक्षकलाई छनोटको अवसर प्रदान गर्ने ।

११. तेस्रो प्राथमिकतामा सम्बन्धित तहको नियुक्तिका आधारले जेष्ठता भएका शिक्षकलाई छनोटको अवसर प्रदान गर्ने ।

१२. चौथो प्राथमिकतामा राहत शिक्षकहरु मध्ये नियुक्ति मितिका आधारमा सम्बन्धित तहको जेष्ठता भएका शिक्षकहरुलाई छनोटको अवसर दिने ।

१३. नियुक्ति वा बढुवा मिति एउटै भएका शिक्षकहरुलाई विद्यालयमा हाजिर भएको मितिलाई आधारमानि सबभन्दा पहिलो मितिमा हाजिर भएकोलाई छनोटको अवसर प्रदान गर्ने । हाजिर समेत एउटै मितिमा भएको भए तल्लो तहको नियुक्तिको आधार लिने ।

१४. शिक्षकहरुको हाजिर मितिसमेत एउटै भएको खण्डमा शिक्षकको उमेरलाई आधार मानि छनोटको अवसर प्रदान गर्ने ।

१५. शिक्षक दरबन्दी पुनर्वितरण भई आधारभूत तहको कक्षा ६-८, माध्यमिक तहको कक्षा ९-१० र कक्षा ११-१२ को दरबन्दी कट्टि भई जानेको हकमा विषयलाई समेत आधार लिने एउटै विषय नदोहोरिने गरी मिलान गर्ने तर माथि उल्लेख भए बमोजिमका कक्षाहरुमा शिक्षकहरु मिलान पछि शिक्षक विद्यार्थी अनुपातका आधारमा थप सेक्सन सञ्चालनका लागि दरबन्दी वा अनुदानका शिक्षक मिलान गर्न बाधा नपर्ने,

१६. दरबन्दी काटिएर जाने विद्यालयको आधारभूत र माध्यमिक विद्यालयहरुको हकमा विद्यालयमा उक्त विषयको शिक्षक हाललाई गाउँपालिका अनुदान शिक्षकबाट व्यवस्थापन  गर्ने  । गाउँपालिका अनुदान शिक्षकहरुलाई समेत निवेदन आह्वान गरी इच्छुक तथा अन्य शिक्षकलाई पालिकाबाट मिलान गर्ने ।

१७. सम्बन्धित तहमा तोकिएको शैक्षिक कार्यावधी पुरा गरेका दरबन्दी तथा राहत अनुदानमा कार्यरत शिक्षकहरुले  आफू कार्यरत रहेको भन्दा बाहेकको आफ्नो बसोबासको पायक पर्ने सामुदायिक विद्यालयहरुको प्राथमिकता निर्धारण गरी छनोट गर्न निवेदन पेश गर्ने ।

१८. स्वीकृत दरबन्दी, राहत, शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान समानुपातिक वितरणका आधारमा  मिलेसम्म पाएक पर्ने नजिकको सामुदायिक विद्यालय वा स्थायी बसोबास गरेको सम्बन्धित वडा अन्तरगतको विद्यालय वा हाल कार्यरत रहेको विद्यालय रहेको वडाभित्रको अन्य सामुदायिक विद्यालय वा शिक्षक आफू कार्यरत रहेको विद्यालयको नजिकको  वडाका अन्य विद्यालयमा मिलान र पदस्थापन गर्ने गर्ने ।

१९. निवेदन माग गर्दासमेत निवेदन पेश नगर्ने तोकिएको शैक्षिक वर्ष पुरा भएका शिक्षकहरुको हकमा गाउँपालिकाबाट नै दरबन्दी मिलान तथा पुनर्वितरण गरी शिक्षक आफू कार्यरत रहेको बाहेकको पालिकाभित्रको सम्बन्धित तहको जुनसुकै सामुदायिक विद्यालयमा मिलान गरी पठाउने ।

२०. स्रोत कक्षा अन्तरगत विशेष शिक्षाका शिक्षकहरुको हकमा यो व्यवस्था लागु नहुने ।

२१. कृषि प्राविधिक धार तर्फका विषयका शिक्षकहरुको हकमा दरबन्दी पुनर्वितरण र मिलान सम्बन्धी व्यवस्था लागु नहुने ।

२२. शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यदलको प्रतिवेदनका आधारमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

२३. साविकको उच्च माध्यमिक तहको शिक्षकको हकमा  कम्तिमा दुई शैक्षिक सत्रदेखि सम्बन्धित विषय पठनपाठन गरिरहेको विद्यालयमा मात्र मिलान तथा पुनर्वितरण गरी पठाउनेछ ।

२४. माथिल्लो तहको शैक्षिक योग्यता भएका शिक्षकहरुको हकमा मिलेसम्म माथिल्लो तह सञ्चालन भएका विद्यालयमा मिलान गर्ने ।

२५. दरबन्दी मिलान र पुनर्वितरण पछि सम्बन्धित विद्यालयमा कम रहने शिक्षक संख्या व्यवस्थापनका लागि हाल संघीय सरकार शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक वा गाउँपालिका अनुदानमा कार्यरत सम्बन्धित तहको सम्बन्धित विषयको जेष्ठका आधा।मा शिक्षकलाई अन्य विद्यालयबाट कमी हुने विद्यालयमा पुनर्वितरण गर्ने ।

२६. कुनै विद्यालयमा एक भन्दा बढी सेक्सन सञ्चालन हुने विद्यालयको हकमा शिक्षक विद्यार्थी अनुदानको आधारमा शिक्षक सिकाइ अनुदान वा गाउँपालिका अनुदानको शिक्षक पठाउने ।

२७. कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्न। तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिका ले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

२८. न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा गाउँ शिक्षा नियमावली अनुसार तोकिएको विद्यार्थी सङ्ख्याको न्यूनतम ४० प्रतिशत विद्यार्थी हुनु पर्ने। त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

## परिच्छेद-६

## शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी  कार्यदलको गठन, काम कर्तव्य र अधिकार

२९. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गर्न शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यदलको गठन गर्न सकिनेछ । शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यदलको समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन् :

क. गाउँ शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको वा कार्यपालिकाले तोकेको व्यक्ति – संयोजक
ख. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत-सदस्य
ग. कार्यपालिकाका सदस्यहरु मध्ये कार्यपालिकाबाट मनोनयन भएका एक जना-सदस्य
घ. गाउँपालिका अध्यक्षबाट मनोनित गाउँकार्यपालिका सदस्य मध्येबाट दुई जना महिला- सदस्य
ङ. नेपाल शिक्षक महासङ्घका गाउँपालिका समितिको अध्यक्ष वा प्रतिनिधी एक जना- सदस्य
च. गाउँ शिक्षा समितिका सदस्यहरु मध्ये कार्यपालिकाले मनोनयन गरेको एक जना - सदस्य
छ. गाउँपालिका अध्यक्षबाट मनोनित गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका वि.व्य.स. का अध्यक्षहरु मध्ये एक जना सदस्य
ज. गाउँपालिकाको  शिक्षा युवा तथा खेलकुद क्षेत्र हेर्ने अधिकृत वा कर्मचारी -सदस्य-सचिव
शिक्षकका पेशागत पेशागत संघसंगठनका प्रमुखलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

३०. शिक्षा, युवा तथा खेलकुद शाखामा काम गर्ने कर्मचारी तथा अन्य दुई जना पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ ।

३१. समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

३२. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट  गाउँ कार्यपालिकाले व्यवस्था गर्ने ।

३३. दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यदलको काम कर्तव्य र अधिकार

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक सङ्ख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नु पर्ने न्युनतम विद्यार्थी सङ्ख्या एकीन गर्ने ।

ख. शिक्षकहरुबाट प्राप्त भएका निवेदनसहिको छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा वियगत रुपमा शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी विवरण तयार गरी कार्यपालिकामा सिफारिस गर्ने ।

ग. गाउँपालिकाबाट प्रदान गरिएका थप निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७

## समय सीमा निर्धारण सम्बन्धी व्यवस्था

३४. दरबन्दी पुनर्वितरण सम्बन्धी कार्यदलको गठन पछि तीन दिनभित्र स्वीकृत दरबन्दी, राहत, अनुदान, शिक्षण सिकाइ अनुदान, गाउँपालिका अनुदान रहेका विद्यालयको विवरण, शैक्षिक सत्र २०८० मा कक्षा १-१२ सम्म भर्ना भएका विद्यार्थीहरुको सङ्ख्यासहितको विवरण अध्यावधिक गरी सार्वजनिक गर्ने ।

३५. दरबन्दी पुनर्वितरणका लागि तोकिए बमोजिमका आधारमा रहि खाका तयार गरी सुझावका लागि  कम्तीमा तीन दिनको सार्वजनिक सूचना प्रवाह गरी सुझाव सङ्कलन गर्ने ।

३६. प्राप्त सुझाव मध्ये औचित्य पुष्ट्याई हुने सुझावहरु समेटी दरबन्दी पुनर्वितरण सम्बन्धी कार्य गर्ने ।

३७. कार्यदलबाट प्राप्त भएको दरबन्दी तथा अनुदान पुनर्वितरण सम्बन्धी खाकालाई कार्यपालिकामा आवश्यक छलफल सहित निर्णय गरी राजपत्रमा प्रकाशन गर्ने ।

३८. दरबन्दी तथा अनुदान पुनर्वितरण सम्बन्धमा  पुनर्वितरण तथा मिलान भएका स्वीकृत दरबन्दी, राहत अनुदान, संघीय अनुदान तथा गाउँपालिका अनुदान समेतलाई विद्यालय छनोटको लागि बढीमा सात दिन अवधी तोकी राजपत्रमा  सूचना प्रकाशन गर्ने ।

३९. निवेदन संकलन भएको सात दिनभित्र कार्यदलले तोकिएका आधारहरुमा आधारित रहि शिक्षक मिलान सम्बन्धी कार्य गर्ने ।

४०. कार्यदलले कार्य सम्पन्न गरी निर्णयका लागि प्रतिवेदन  गाउँ कार्यपालिकामा पेश गर्ने र गाउँ कार्यपालिकाबाट निर्णय भई राजपत्रमा सूचना प्रकाशन गर्ने ।

४१. राजपत्रमा सूचना प्रकाशन भएको मितिले सात दिनभित्र हाल कार्यरत  विद्यालयमा आफ्नो जिम्मेवारीमा रहेको आर्थिक, जिन्सी र शैक्षिक विवरण विद्यालयमा बरबुझारथ गरी मिलान भएको विद्यालयमा हाजिर भई सक्नुपर्नेछ ।

४२. प्रधानाध्यापकको जिम्मेवारीमा रहेका शिक्षकहरुको हकमा सबै प्रकारका आर्थिक, जिन्सी, सम्पत्ती, प्रशासनिक अभिलेखसहितका अन्य जिम्मेवारी हस्तान्तरणका लागि पन्ध्र दिनको समयावधी प्रदान गर्ने ।

४३.  राजपत्रमा सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र मिलान भएको विद्यालयमा हाजिर हुन नजाने शिक्षक तथा नपठाउने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिलाई शिक्षा नियमावली २०५९ र राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन सम्बन्धी कार्यविधी २०७९ बमोजिम कारबाही प्रक्रिया सुरु गरी त्यस प्रकारका विद्यालयमा प्रदान गर्ने तलबभत्ता  लगायतका सबै प्रकारका अनुदान रोक्का गर्ने ।

## परिच्छेद-८

संशोधन, बचाउ तथा खारेजी

४४. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ।

४५. कार्यविधि संसोधनः यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यतताका आधारमा संसोधन गर्न सक्नेछ।

४६. बाधा अड्चन फुकाउः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ।

४७. यस अघि भए गरेका दरबन्दी पुनर्वितरण र मिलान सम्बन्धी कार्यहरुसमेत यसै बमोजिम भएको मानिनेछ।

प्रमाणिकरण मिति :

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची १

कक्षा १-५ सञ्चालन भएका विद्यालयहरु

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | कक्षा १-५ को विद्यार्थी संख्या शैक्षिक सत्र २०८० | स्वीकृत दरबन्दी, राहत शिक्षक | | गाउँपालिका अनुदान | हाल विद्यालयमा मौजुदा रहेको दरबन्दी तथा अनुदान सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह स्वीकृत दरबन्दी बक्षा १-५ | प्राथमिक तह राहत अनुदानबक्षा १-५ | प्राथमिक तह कक्षा १-५ | |
| 1 | श्री राप्ती गंगा प्राथमिक विद्यालय राप्ती-१ चैते शान्तिपुर | १-५ | 56 | 2 | 2 | 0 | 4 |
| 2 | श्री प्राथमिक विद्यालय राप्ती-५ थकरीकोट | १-५ | 66 | 2 | 1 | 0 | 3 |
| 3 | श्री रात्री प्राथमिक विद्यालय राप्ती -४ मौरीघाट | १-५ | 33 | 3 | | 0 | 3 |
| 4 | श्री हंशेश्वर प्राथमिक विद्यालय राप्ती-६ भगवानपुर | १-५ | 50 | 2 | 1 | 0 | 3 |
| 5 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 69 | 1 | 1 | 1 | 3 |
| 6 | श्री जनता प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ३ खुरुरिया | १-४ | 32 | 0 | 2 | 1 | 3 |
| 7 | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ९ धापखोला | १-५ | 57 | 1 | 1 | 2 | 4 |
| 8 | श्री सगरमाथा प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ५ भुल्के | १-५ | 32 | | 2 | 1 | 3 |
| 9 | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ५ सिंगे | १-४ | 33 | | 1 | 2 | 3 |
| 10 | श्री बाल प्रगती प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | १-५ | 34 | 1 | | 1 | 2 |
| 11 | श्री बराह प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं १ बगासोती | १-४ | 31 | | 1 | 1 | 2 |

अनुसूची १

कक्षा १-५ सञ्चालन भएका विद्यालयहरु

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | कक्षा १-५ को विद्यार्थी संख्या शैक्षिक सत्र २०८० | स्वीकृत दरबन्दी, राहत शिक्षक | | गाउँपालिका अनुदान | हाल विद्यालयमा मौजुदा रहेको दरबन्दी तथा अनुदान सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह स्वीकृत दरबन्दी बक्षा १-५ | प्राथमिक तह राहत अनुदानबक्षा १-५ | प्राथमिक तह कक्षा १-५ | |
| 12 | श्री सपांदी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं २ स्यानीघोष | १-३ | 7 | 0 | | 1 | 1 |
| 13 | रजाया मुस्तफा मदरसा राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | १-३ | | | | | 0 |
| 14 | मदरसा अहले सुन्नत चिस्तिया राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | १-१ | | | | | 0 |
| 15 | मदरसा जियाउल उलम प्रा वि राप्ती गाउँपालिका वडा नं ९ देवीकोट | १-२ | 46 | | | 1 | 1 |
| | जम्मा | | 546 | 12 | 12 | 11 | 35 |

# अनुसुची २

## कक्षा १-८ सम्मका विद्यालय

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्वीकृत दरबन्दी, राहत शिक्षक तथा प्राविधिक धार प्रशिक्षक | | | | शिक्षण सिकाइ अनुदान | गाउँपालिका अनुदान | | जम्मा संख्या | कक्षा १-५ शैक्षिक सत्र २०८० को विद्यार्थी संख्या | कक्षा ६-८ शैक्षिक सत्र २०८० को विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्राथमिक तह स्वीकृत दरबन्दी बक्षा १-५ | प्राथमिक तह राहत अनुदानबक्षा १-५ | आधारभुत तह स्वीकृत दरबन्दी कक्षा ६-८ | आधारभुत तह राहत अनुदान कक्षा ६-८ | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | | | |
| 1 | श्री नवप्रतिभा आधारभुत विद्यालय राप्ती-१ पाखापानी | १-८ | ३ | २ | ० | १ | १ | १ | २ | १० | १६८ | ९८ |
| 2 | श्री जनज्योति आधारभुत विद्यालय, राप्ती-४ नयाँगाउ | १-८ | ४ | १ | ० | | ० | ० | ५ | १० | १४५ | ८१ |
| 3 | श्री वि पी आधारभुत विद्यालय राप्ती-३ बसन्तापुर | १-८ | २ | २ | ० | | ० | ० | ५ | ९ | १०३ | ५६ |
| 4 | श्री सरस्वती आधारभुत विद्यालय राप्ती-७ छोट्की सिसहनिया | १-८ | २ | २ | ० | | १ | २ | ३ | १० | ६३ | ७८ |
| 5 | श्री बालकल्याण आधारभुत विद्यालय राप्ती-५ पहडवा | १-८ | ३ | १ | ० | | १ | १ | ३ | ९ | ६७ | ७४ |
| 6 | श्री दुर्गाभवानी आधारभुत विद्यालय राप्ती-३ मसुरिया | १-८ | २ | २ | ० | | ० | २ | ४ | १० | १४९ | ६६ |
| 7 | श्री देवी आधारभूत विद्यालय राप्ती-९ मसेरीडाँडा | १-६ | २ | १ | ० | | ० | १ | ० | ४ | १११ | |
| | जम्मा | | १८ | ११ | ० | १ | ३ | ७ | २२ | ६२ | ८०६ | ४५३ |

## अनुसूची ३

कक्षा १-१२ सम्मका विद्यालय

| क्र. स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्वीकृत दरबन्दी, राहत शिक्षक तथा प्राविधिक धार प्रशिक्षक | | | | | | | | शिक्षण सिकाइ अनुदान | | गाउँपालिका अनुदान | | | जम्मा शिक्षक संख्या | जम्मा शिक्षक संख्या र विद्यार्थी संख्या २०८० | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
